३

फेएट काउन्टी सार्वजनिक विद्यालयहरू

# परिवारहरूका लागि सिक्ने सुझाव

घरमा बच्चाहरूले के थाहा पाउनु पर्दछ र के गर्न सक्षम हुनुपर्छ र परिवारहरूले कसरी शिक्षामा वृद्धि गर्न सक्छन् भन्ने सारांश र तरिका।



*"हामी विश्वास गर्छौं कि परिवारहरू हाम्रा साझेदार हुन्। तिनीहरू बच्चाहरूका पहिलो र शक्तिशाली शिक्षकहरू हुन्। हामीहरू सबै एकसाथ मिलेर विद्यार्थीहरूको सफलताको सुनिश्चित गर्नेछौं।"*

- शुपरइन्टेनडेन्ट (अधीक्षक) ईम्यानुएल कक्, फेयेट काउन्टी सार्वजनिक विद्यालयहरू

## हाम्रो सिक्ने सुझाव बारे:

यो सुझावमा तपाईंको बच्चाले अंग्रेजी भाषा कला (ELA) र गणितमा बिद्यालय वर्षको अन्त सम्ममा गर्न सक्ने र थाहा पाउन सक्ने केहि अत्यावश्यक कुराहरू गर्न सक्षम हुनुपर्छ। सिक्ने लक्ष्यहरूले शिक्षकहरू र परिवारहरूलाई कहिले विद्यार्थीहरूलाई अतिरिक्त समर्थन र कहिले उनीहरूलाई थप चुनौती दिनुपर्दछ।

## परिवारहरूले के गर्न सक्छन्?

तपाईंले आफ्नो बच्चाको सिक्ने कुरामा धेरै समर्थन गर्न सक्नुहुन्छ र उनीहरुको भविष्यको तयार गर्न मदत गर्न सक्नुहुन्छ। यहाँ विद्यार्थीहरूलाई सफल हुन मद्दत गर्ने केहि कुराहरूछन्:

१. आफ्नो बच्चासंग शिक्षा तपाईंको निम्ति कति महत्त्वपूर्ण छ भन्ने कुराको सहभागी बनाउनुहोस्। तिनीहरूलाई भन्नुहोस् कि शिक्षा महत्वपूर्ण छ र यो सफलताको जग हो।
२. विद्यालयलाई प्राथमिकता दिएर हरेक दिन समयमा आफ्नो बच्चालाई बिद्यालयमा पुर्याउनुहोस्।
३. संभव भएसम्म अभिभावक-शिक्षक सम्मेलनहरूमा र विद्यालयका अन्य कार्यक्रमहरूमा उपस्थित हुनुहोस्।
४. बिद्यालयसंग पारस्परिकरूपले कार्य गरेर आपसी सम्मानको निर्माण गर्नुहोस् ।
५. स्वतन्त्रतालाई प्रोत्साहन दिनुहोस्; आफ्ना छोराछोरीलाई गल्ती गर्न अनुमति दिनुहोस् र आफ्नो विकल्पहरूको लागि जिम्मेवारी स्वीकार गर्न दिनुहोस्।
६. आफ्नो बच्चासंग बिद्यालयमा के भईरहेको छ भनेर छलफल गर्नुहोस्।
७. आफ्नो बच्चाले वर्षैभरि प्रगति गरि राखेको छ भनेर सुनिश्चित गर्न शिक्षकसंग लगातार सञ्चार गरिराख्नुहोस्।
८. तपाईंलाई आफ्नो बच्चाले के गरिरहेको छ भनेर थाहा पाउने अधिकार छ; तपाईंको यदि केहि प्रश्न छ भने उसको/उनको शिक्षक सम्पर्क गर्न नहिचकिचाउनुहोस्।

## तपाईंको बच्चाको शिक्षकसंग कुराकानी

आफ्नो बच्चाको शिक्षक र विद्यालयसंग उसको सिक्ने लक्ष्यको प्रगति बारे नियमित रूपले कुराकानी गर्न महत्त्वपूर्ण छ। यहाँ सोध्ने केही नमूना प्रश्नहरू:

- मेरो बच्चा कहाँ समर्थ छ र कहाँ उसलाई सुधार गर्न आवश्यकछ?
- मेरो बच्चाको प्रगति वर्षैभरि कसरी मापन भइरहेकोछ?
- के मेरो बच्चाको कक्षाको कार्यको उदाहरणहरू हेर्नसक्छु? के ती उदाहरणहरूले सिक्ने लक्ष्यहरू पूरा गरेका छन् कि छैनन्?
- के मेरो बच्चा क्रम स्तर (ग्रेड-स्तर) सिक्ने लक्ष्यहरू पूरा गर्ने पथमाछ? यदि छैन भने, विद्यालयले के समर्थनको प्रस्ताब राख्छ? मैले घरमा के गर्नसक्छु?
- के मेरो बच्चा सिक्ने अपेक्षा तिर वा माथि छ? यदि छ भने, बिद्यालयले अरु के प्रस्ताव दिन्छ? मैले घरमा के गर्नसक्छु?
- तपाईंले मेरो बच्चाको आइ ई पी (IEP) पढ्नुभयो? मेरो बच्चाको लागि के सुबिधाहरू तयार पारिएकोछ?
- मेरो बच्चा अंग्रेजी भाषाको शिक्षार्थी हो। मेरो बच्चाको भाषाको विकासको लागि बिद्यालयमा कसरी समर्थन गरिएकोछ?

# तपाईंको बच्चासंग कुरा

के यो परिचित आवाज जस्तो लाग्छ?
"आज बिद्यालय कस्तो थियो?"
"राम्रो"
"तिमीले के गर्यौं?"
"केहि पनि होइन"

त्यो ठीक छ, सोधिरहनुस्!

जुन विद्यार्थीहरूका आमाबाबुहरूले तिनीहरूसंग विद्यालयको बारेमा कुरा गर्छन् तिनीहरूले बिद्यालयमा शैक्षिक रूपले राम्रो गर्छन्। यहाँ आफ्नो बच्चासंग संलग्न भएर उसको सफलताको समर्थन गर्ने केही तरिकाहो:

- बिद्यालयको बारेमा आफ्नो बच्चासंग कुरा गर्न हरेक दिन एक निर्दिष्ट समयको चयनगर्नुहोस्।
- आफ्नो बच्चालाई उनीहरुले आज सिकेको एउटा कुरा तपाईंलाई भन्न लगाउनुस। आफ्नो बच्चालाई सबै भन्दा रोचक के लाग्यो? के गाह्रोलाग्यो?
- आफ्नो बच्चाले बिद्यालयबाट घर ल्याउने कागजात र परियोजनाहरूको समीक्षा गर्नुहोस्। आफ्नो बच्चासंग सोध्नुहोस्: तिमीले कसरी थाहापायौ? तिम्रो के बिचारछ? तिमीले के देख्यौ? तिमीले किन यो तरिकाले गर्यौं? के यसको जवाफ पाउने अर्को तरीकाछ?
- आफ्नो बच्चाको मेहनत र प्रयासकोपनि प्रशंसा गर्नुहोस् केवल "सही जवाफको" लागि मात्र होइन।
- आफ्नो बच्चाले के सोचि रहेकोछ भन्ने बारे प्रश्नहरू सोध्नुहोस्:तिमीले कसरी थाहा पायौ? तिम्रो के बिचार छ? तिमीले के देख्यौ? तिमीले किन यो तरिकाले गर्यौं? के यसको जवाफ पाउने अर्को तरीकाछ?

# बिद्यालयबाट टाढा रहेर गरेको शिक्षा हाशिललाई समर्थन

विद्यार्थीहरूले विद्यालय छोडे पछि पनि शिक्षा हाशिल गर्ने कार्य रोकिंदैन। यहाँ तपाईंले कक्षा बाहिर रहेर शिक्षा हाशिलगर्नको निम्ति समर्थनगर्न सक्ने केही तरिकाहो:

- आफ्नो बच्चाकोलागी पढ्नुहोस्, आफ्नो बच्चासंग पढ्नुहोस्, र परिवारले आफूलाई सजिलो लाग्ने भाषामा पढ्ने समयलाई प्रोत्साहन गर्नुहोस्।
- नियमित रूपले गृहकार्य वा अन्य सिक्ने गतिविधिहरु गर्न आफ्नो बिद्यार्थीकोनिम्ति एक शान्त र आरामदायी ठाउँको व्यवस्था गर्नुहोस्।
- निश्चित गर्नुहोस् कि तपाईं र तपाईंको बच्चाकोनिम्ति एक पुस्तकालय कार्ड छ र सारा परिवारले पढ्ने गतिविधिमा भाग लिन सकोस्।
- गृहकार्य वा अन्य सिक्ने गतिविधिहरु गर्नको लागि नियमित कार्यक्रमको स्थापना गर्ने प्रयास गर्नुहोस्।
- यो पुस्तिकालाई केहि सिक्ने लक्ष्य राखेर ध्यान केन्द्रित गर्न प्रयोग गर्नुहोस्, र केही सुझावहरू घरमा सिक्नको लागि प्रयास गर्नुहोस्।

# तपाईंको विद्यार्थीले अंग्रेजी भाषा कलाको (ईएलए) (ELA) बारे के थाहा पाउनु र गर्न सक्षम हुनुपर्छ:

## भाषा

- पढाई र कुराकानीको माध्यमबाट, समझदार प्रभावित, र असहयोगी जस्ता जटिल,परिष्कृत र प्रचुर जस्ता शब्दावलीशब्दहर प्रयोग गरी आर्जितगर्ने।
- छलफलको बेला, उ/उनले प्रश्नहरू सोध्नुपर्छ, अरूको विचार सुन्नुपर्छ, र उसको/उनको आफ्नै व्यक्तिगत अनुभवमा आधारित पढाई वा अन्य स्रोतबाट सिकेको विचारहरूको योगदान दिनुपर्छ।

## पढाइ (पढ्ने) र साहित्य

- एक गैरकाल्पनिक पुस्तकको मुख्य विचारहरू र समर्थन विवरणको पहिचानगर्ने।
- उ/उनले पढेको कथा, नीतिकथा, र कविताहरूको विषयवस्तुहरूको  पाठ वा पहिचान गर्ने (अर्थात्, मित्रता, शोक/गुमाउनु, प्रकृति विरुद्ध मानिस, ज्ञान)।
- पुस्तकको पात्रको बारेमा पात्रको विचारहरू, शब्दहरू, र कार्यहरूमा आधार गरेर निस्कर्ष निकाल्ने (राय दिन "लाइनहरु बीच पढ्ने")।
- शब्दकोश हेरेर शब्दहरूको अर्थ स्पष्ट रूपलेहेर्ने।

## लेखन

- कथाको एक संक्षिप्त व्याख्या वा राय लेख्न उ/उनको विचारलाई समर्थन गर्न पाठको  बिस्तृत विवरण प्रयोगगर्ने।
- उ/उनको आफ्नै शब्दहरूमा संक्षिप्त सारांश लेख्ने जुन सूचना अनुसन्धान मार्फत संकलन गरिएकोहो।
- एक घटनाबारे लेख्न स्पष्ट रूपले केन्द्रित भएर समर्थन विवरण प्रयोगगर्ने।
- सही हिज्जे प्रयोग गरीलेख्ने।



# घरमा ईएलए (ELA) प्रशिक्षण सिक्न प्रोत्साहन दिने तरीकाहरू

- पढाई (पढ्ने) तपाईंको दैनिक कार्यको एक भाग बनाउनुहोस्।
- तपाईंको बच्चाले पढिरहेको पुस्तकहरूको बारे कुरा गर्नुहोस्।उ/उनले गैर-काल्पनिक पुस्तकहरू वा लेखहरूबाट के सिके? एक काल्पनिक कथा वा पुस्तक पढेपछि मुख्य पात्र पुस्तकको अबधिभर कसरी परिवर्तन भयो भनेर तपाईंको बच्चासंग सोध्नुहोस्।
- एक पारिवारिक "शब्दावली बाकस" सिर्जना गरेर सबै परिवारका सदस्यहरूलाई सुन्न र नयाँ, रोचक शब्दहरू हेर्न र थप्न प्रोत्साहन गर्नुहोस्। एक पटक शब्द बाकसमा भएपछि सबैले दैनिक कुराकामा यसलाई प्रयोग गर्ने अवसर खोज्नुपर्छ।यसलाई एक खेल बनाउनु होस् र सबैलाई एकअंक दिनुहोस् जब उ/उनले नयाँ शब्दहरूको प्रयोगगर्छन्।
- तपाईंको बच्चालाई दिनहुँ लेख्न प्रोत्साहन दिनुहोस्। उनलाई परिवार र मित्रहरुलाई विशेष उपलब्धिहरूलाई वा रोमाञ्चक घटनाहरूलाई वर्णन गरेर ई-मेल वा पत्रलेख्न लगाउनुहोस्। तपाईंको बच्चाले पनि अनुभव र साहसिक कार्यको एक दैनिकी राख्नसक्छ।

*कृपया तपाईंको बच्चाको शिक्षकसंग सम्बद्धभएर तपाईंको विद्यालयको विशिष्ट पढाइ र लेखन कार्यक्रमसंग सम्बन्धित घरमा सिक्ने स्रोतहरूबारे सोध्नुहोस्।*

## तपाईंको विद्यार्थीले गणितमा के थाहा पाउनु र गर्न सक्षम हुनुपर्छः

- शब्द समस्याको अर्थ बुझ्ने र जोड, घटाउ, गुणन र भाग प्रयोग गरेर समाधान गर्ने।
- गुणन र भाग बीचको सम्बन्ध बुझ्ने।
- गुणन वा भाग समस्या प्रतिनिधित्व गर्ने एक मोडेल वा चित्र बनाउने।
- गुणन तथ्य थाहा पाएर समस्याको समाधान गर्न प्रयोग गर्ने (१० देखि x १० सम्म)।
- विभिन्न तरीकाहरू (रणकौशल) प्रयोग गरेर १००० भित्र जोड्ने र घटाउने।
- साधारण तत्त्वहरू चिन्ने र प्रतिनिधित्व गर्न, जस्तै 1/२, 1/३, 1/४, 1/६, र 1/८ लाई पूर्णरूपको बराबर भागहरु (एक आयतको 1/२ भाग) र समुहको बराबर भागहरु (१२ बिस्कुटहरूको १/३, ४ वटा बिस्कुटहरूहो) ।
- तत्त्वहरूको तुलना गर्ने।उदाहरणको लागि: कुन चाहिं ठुलो छ: 1/४ वा 1/३?
- आकारहरूको विशेषताहरु चिन्ने र तिनीहरूलाई वर्गीकरण र नामकरण गर्ने। उदाहरणको लागि: केले एक त्रिकोणलाई एक त्रिकोण बनाउँछ?
- विभिन्न आकारहरूका क्षेत्रफल (एक दुई-आयामी आकारको ठाउंको क्षेत्रको वर्ग इकाइहरूमा मापन) र परिधिको (एक दुई-आयामी आकारको वरिपरिको दूरी जसलाई नियमित इकाइहरूमा मापन गरिन्छ) निर्धारणगर्ने र मापनको सही एकाइ जस्तै फीट वा वर्गफिट प्रयोग गरेर नाम राख्ने (लेबल गर्ने)।
- तथ्यांकलाई सङ्कलन, प्रतिनिधित्व, वर्णन, र व्याख्या गर्ने, जस्तै विद्यार्थीहरूले कहाँ खाना खान वा भ्रमण गर्न chahanchann भन्ने बारे तथ्यांक। तथ्यांकलाई लेखाचित्रमा राख्ने।
- समयको अनुमान र मापन, वजनहरू र तरल घनत्व,र शब्द समस्याहरूलाई यी मात्राहरू समावेश गरेर समाधान गर्ने।
- आकारहरूको क्षेत्रफलहरू पत्ता लगाउने र क्षेत्रफललाई गुणन र जोडसंग सम्बन्धित गर्ने।



# घरमा गणित प्रशिक्षण दिन प्रोत्साहनदिने तरीकाहरू

- जब तपाईं पसलमा हुनुहुन्छ त्यसबेला तपाईंको बच्चालाई तपाईंले किन्नु भएको सामानको कुल लागतको अनुमान गर्न लगाउनुहोस्।जब भुक्तानी गर्नुहुन्छ, त्यसबेला तपाईंले सोध्न सक्नुहुन्छ "हामीलाई कति खुद्रा फिर्ताआऊँछ?"
- तपाईंको बच्चालाई दैनिक परिस्थितिमा गुणन र भाग प्रयोगगर्न लगाउनु होस्। उदाहरणको लागि: "यदि तिमीले पाँचवटा चराहरू देख्छौ भने कतिवटा पखेटाहरूछन्? यदि तिमीले चारजना मानिसहरूमा एक दर्जन बिस्कुटहरू बराबर गरेर बाँडयौ भने, प्रत्येक व्यक्तिले कति बिस्कुटहरू पाऊंछ?"
- तपाईंको बच्चासंग, एक हप्तासम्म प्रत्येक दिन लेक्सिंगटनको तापमानको अभिलेख (रेकर्ड) राख्नुहोस्। तपाईंको बच्चालाई तापमानमा परिवर्तन देखाउन रेखाचित्र बनाउन लगाउनुहोस्।
- विद्यार्थीहरूलाई गुणन तथ्य सिक्नलाई मदतगर्न अंक छोडेर गणना गर्न दैनिक अभ्यास गराउने (१ भन्दा अन्य एक नम्बर द्वारा अगाडी वा पछाडी तिर गणना गर्ने) । उदाहरणको लागि, ४ = ४, ८, १२, १६, आदि।

.

*कृपया तपाईंको बच्चाको शिक्षकसंग सम्बद्धभएर तपाईंको विद्यालयको विशिष्ट गणित कार्यक्रमसंग सम्बन्धित घरमा सिक्ने स्रोतहरूको बारेमा सोध्नुहोस्।*

**फेएट काउन्टी सार्वजनिक विद्यालयहरू**
११२६ रसेल केभ रोड
लेक्जिङ्टन, के वाई ४०५०५

८५९-३८१-४१००
http://www.fcps.net

*यो पुस्तिका फेएट काउन्टी सार्वजनिक विद्यालयहरूद्वारा प्रकाशित भएको थियो।*

*बनाइएको (सिर्जना गरिएको) शिशिर (पतझड) २०१६*